आज मिति २०७६ वैशाख २१ गते प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको बैठक सम्पन्न भयो।

उपस्थिति

अध्यक्ष - श्री प्रेमलाल लामिछाने, प्र.जि.अ., जि.प्र.का.
सदस्य - श्री धनेश यादव ने.क.पा.
सदस्य - श्री मिश्रीलाल यादव ने.का.
सदस्य - श्री केशव कुमार यादव रा.ज.पा.
सदस्य - श्री कृष्ण प्रसाद यादव सं.स.फो समाजवादी पार्टी
सदस्य - श्री शालिकराम अधिकारी, बाँसगढी न.पा. प्रमुख
सदस्य - श्री फुर्गेन ब. थारु बारबर्दिया न.पा. प्रमुख
सदस्य - श्री मुक्तिनाथ यादव गुलरिया न.पा. प्रमुख
सदस्य - श्री गणेश ब. के.सी. मधुवन न.पा. प्रमुख
सदस्य - श्री धननारायण श्रेष्ठ बाँसगढि न.पा. प्रमुख
सदस्य - श्री शिव प्रसाद थापा राजापुर न.पा. प्रमुख
सदस्य - श्री लाल बहादुर क्षेत्री बढैयाताल गा.पा. अध्यक्ष
सदस्य - श्री जमान सिंह के.सी. गेरुवा गा.पा. ॥
सदस्य - श्री यादव विश्वकर्मा प्र.प्र. उपरीक्षक
सदस्य - श्री योगेन्द्र के.सी. उ.अ. निर्देशक
॥ - श्री श्यामु शाही सेनानी भैरव प्रसाद गण
॥ - श्री योगेन्द्र खड्का प्र.ना.उ. जि.प्र.का.
॥ - श्री कृष्ण प्र. गौतम ने.रे.सो. सभापति बर्दिया
- श्री गोपाल विवश तिमिल्सिना गो.स.मा.
॥ - श्री राजेन्द्र धिताल नि.प.मा. बर्दिया
- श्री सुभाष पाण्डे जे.सु., वनजि.अ.
- श्री गोकर्ण गिरी स्वा.का. प्रमुख बर्दिया
- श्री कृष्ण ब. खड्का जि.स.स.
सदस्य सचिव - श्री नारायण प्र. ढकाल जि.प्र.का. बर्दिया

विशेष आमन्त्रित

प्रदेश नं ५, प्रदेश सभा उप सभामुख माननीय कृष्णी थारु
॥ ॥ सदस्य माननीय कल प्र. पौडेल
॥ ॥ सदस्य माननीय तिलकराम शर्मा
॥ ॥ ॥ माननीय कविराम थारु
॥ ॥ ॥ माननीय भवनेश्वर थारु

बर्दिया प्रदेश नं ५ प्रदेश सभा सदस्य माननिय सोनी थारु

,, ,, ,, ,, माननिय दिपेश थारु

जिल्ला समन्वय समिति प्रमुख श्री शंकर प्रसाद थारु

,, ,, ,, उप प्रमुख श्री मान ब. बिष्ट

बबई गाउँ, औरही नदी व्यवस्थापन आयोजना - ई. रविन्द्र रावल

जेकुवा गा० पा०, प्रमुख प्रशासकीय अधिकृत कार्की ढं० पंडोली

राजापुर न.पा (स्वकीय सचिव उपप्रमुख) अर्जुन चौलागाई

पार्वती पाण्डेत - नि. प्र. प्र. अ. मधुवन न.पा.

दशरथ कुर्मी - प्र. प्र. कि. बारबर्दिया न.पा. बर्दिया

मधुवन न.पा. प्रमुख गणेश ब. रोका

बांसगढी न.पा. प्र.प्र. अधिकृत अमरराज बमी

राजापुर नगरपालिका कार्यालय प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) बसन्तराज अधिकारी

2066/9/29

ठाकुरबाबा नगरपालिका प्र.प्र.अ. रामहरी निरौला

प्र. जि.[illegible] विक्रम शाहि जिल्ला प्रशासन कार्यालय

मान बहादुर डाँगी KMJS Nepal / DLSA / AHHL care

गंगाराम अधिकारी जि. प्रशा. का.

रुपन ज्ञवाली ,,

निर्णय

१. जिल्ला विपद व्यवस्थापन समिति (DDMC) तथा जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को कोरोना भाईरस COVID-19 को संक्रमणको जोखिमको नियन्त्रण, रोकथाम तथा उपचार सम्बन्धमा यस अघि सम्पन्न बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

२. विश्वव्यापी महामारीको रूपमा फैलीरहेको COVID-19 को संक्रमण छिमेकी जिल्ला कैलाली र बाँके तथा बर्दिया जिल्लासंग सिमाना जोडिएको भारतको वहराईच जिल्लामा देखिएको अवस्थामा यस जिल्लामा COVID-19 संक्रमणको जोखिम उच्च देखिएकोले उक्त भाईरसको जोखिमको नियन्त्रण तथा रोकथामका लागि उच्च सतर्कता अपनाउदै यस सम्बन्धमा भईरहेको प्रयासलाई थप प्रभावकारी बनाउदै अन्तर स्थानीय तह समन्वय समितिको राय सुझावलाई समेत ध्यानमा राखि देहाय बमोजिम गर्ने:

क. कैलालीबाट आउने व्यक्तिलाई स्वास्थ्य परिक्षण गराएर मात्र प्रवेश गर्न पाँउने व्यवस्था मिलाउने । सो को लागि सत्तिघाँट पुल र कर्णालीपुलमा सम्बन्धित नगरपालिकाबाट स्वास्थ्य सहायता कक्ष स्थापना गर्ने ।

ख. बाँके जिल्लाबाट हुने आवागमन तथा ढुवानी उपर भईरहेको निगरानी चेकजाँचलाई कडाई गर्ने । बाँके तर्फबाट आउने हरियो तरकारी, फलफूल, कोईला, तोरी, जंकफुड भित्र्याउने ढुवानी रोक्ने ।

ग. लकडाउन अवधिभर खाद्यान्न ढुवानी र खाली फिर्ता, निर्माण सामाग्री, अन्य उपभोग्य सामग्री, कुखुरा/अण्डा, दाना तथा कृषिमल लगायत ४ पांग्रे सवारी साधनबाट हुने ढुवानी बेलुकी ७ बजे पछि मात्र गर्ने ।

घ. लकडाउन अवधिभर कायम गरिएको उपभोग्य सामग्री खरिद बिक्रीको समय अव आयन्दा हप्ताको ३ दिन अर्थात आईतवार, मंगलवार र विहिबार मात्र विहान ७:०० बजे देखि ११:०० बजे सम्म कायम गर्ने ।

ङ. लकडाउन पालनाका लागि भईरहेको माईकिंग लगायतका प्रचारप्रसार र अनुगमनलाई सबै नगरपालिका गाँउपालिकाको सहयोग तथा समन्वयमा थप प्रभावकारी बनाउने ।

च. भारत, तेस्रो मुलुक र संक्रमण देखिएका जिल्लाबाट आउने नागरिकहरुलाई क्वारेण्टीनमा राख्ने । अन्य स्थानबाट आउने नागरिकहरुलाई जिल्लाको प्रवेश विन्दुमा स्वास्थ्य परीक्षण गराई सामान्य अवस्था देखिएमा होम क्वारेण्टीनमा राख्ने व्यवस्था मिलाउने ।

३. उच्चस्तरीय समन्वय समितिको १६ औ बैठकको निर्णयानुसार तोकिएको मापदण्ड पुरा गरी विकास निर्माणको काम गर्न सुरू गरेका आयोजना/निकायहरूले तोकिए बमोजिम काम गरे नगरेको सम्बन्धमा सम्बन्धित स्थानीय तहहरूले समेत अनुगमन गर्ने ।

४. बाढीको उच्च जोखिममा रहेको यस जिल्लामा बाढीको जोखिम न्यूनिकरणका लागि कर्णाली नदि व्यवस्थापन आयोजना, बबई भादा औरही नदि व्यवस्थापन आयोजना, बबई सिंचाई आयोजना लगायतका विपद जोखिम न्यूनिकरणका लागि काम गरिरहेका आयोजना/निकायले आगामी बर्षायाम अगावै बाढी नियन्त्रणका काम सम्पन्न गर्ने ।

५. यस वर्षको वर्षायाम निकट रहेकोले वर्षायाममा यस जिल्लामा बाढी तथा डुवानको जोखिम न्यूनिकरणका लागि DEOC ले केयर नेपाल, KMJS, नेपाल रेडक्रस सोसाइटीसंग प्राविधिक सहयोग तथा समन्वय गरी मनसुन पूर्वतैयारी योजना सुझाव सहित स्वीकृत गरियो ।

६. यस समितिको अघिल्लो बैठकको निर्णयानुसार जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा सम्बन्धमा प्राप्त सुझाव तथा विवरणलाई समावेश गरी परिमार्जित योजना स्वीकृत गर्ने ।

७. COVID-19 को संक्रमणको जोखिमलाई नियन्त्रण तथा रोकथाम गर्न जारी भएको निषेधाज्ञा केहि अवधि सम्म लम्बिन सक्ने साथै नेपाल र भारतवीचको सिमानाबाट हुने आवागमनलाई नियन्त्रण गर्ने कार्य आगामी वर्षायाम सम्म पनि रहन सक्ने संभावना देखिएकोले नेपाल-भारत सिमानामा हाल २४ घण्टा ड्यूटीमा खटिएका सुरक्षाकर्मीहरूका लागि ओत तथा बास बस्ने प्रयोजनका लागि नगरपालिका/गाउँपालिकाको सहयोगमा तथा जिल्ला समन्वय समितिको समन्वयमा संरचना निर्माण गर्ने ।

८. COVID-19 को संक्रमणको विपद जोखिम व्यवस्थापनका लागि खर्च गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं ५ बाट प्राप्त बजेटलाई देहाय बमोजिम शिर्षकगत रकम विभाजन गर्ने ।

| क्र. सं. | खर्च शिर्षक | रकम रू |
|---|---|---|
| १ | कार्यालय सञ्चालन खर्च | १५००००।- |
| २ | ईन्धन | १५००००।- |
| ३ | सुरक्षा सामग्री | १०००००।- |
| ४ | अनुगमन | ५००००।- |
| ५ | यातायात ढुवानी | ५००००।- |
| ६ | स्वास्थ्य सामग्री | १०००००।- |
| ७ | विविध | २०००००।- |
| | जम्मा | ८०००००।- |